# बराहताल गाउँपालिका
# कुनाथरी सुर्खेत
# आ व २०७९-०८० को बार्षिक प्रगति विवरण :

प्रस्तुतकर्ता
रेशम रेग्मी
सहायक पाचौँ
सहकारी विकास शाखा प्रमूख

# पृष्ठभुमी

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय स्तरका सहकारीहरुको नियमन, अनुगमन, प्रवर्धन, दर्ता, खारेजी तथा विकासका लागी तालिम सञ्चालनको ध्येय अनुसार बराहताल गाउँपालिका अन्तरगतका विभिन्न सहकारीलाई सहकारी तथा लेखा व्यवस्थापन तालिम सञ्चालन गर्ने भनी बराहताल गाउँकार्यपालिकाको आ.ब. २०७८/०७९ को विनियोजित बजेटमा कार्यक्रम स्विकृत भएको छ । राष्ट्रको ३ खम्बे अर्थनिति अन्तरगत सरकारी, निजि र सहकारी तहले देशको अर्थतन्त्रलाई मजवुत बनाउने सरकारको ध्यय अनुसार संघ, प्रदेश र स्थानीय तहमा सहकारी विकास शाखाको निर्माण गरिएको हो ।
- साहकारीलाई साथसाथै काम गर्ने (working together) तथा समभाव र समतामुलक कार्यप्रणाली अनुसार मिलिजुलि काम गर्ने सदस्यमुखि व्यवशाय भनिन्छ । आफ्नै लागी व्यवशायमा सर्वसाधारण भन्ने स्वरुपमा सहकारीता, स्वावलम्वन र पारस्पारिकताको आधारमा मद्दत गरी आपसी सहयोगको विकास गर्ने माध्यामको रुपमा सहकारीलाई लिईएको छ । सहकारीको विश्वव्यावपी मान्यता तथा सात सिद्धान्तका साथै प्रचलित ऐन कानुन अनुसार नेपालमा संघिय सहकारी ऐन, पर्देश सरकारी ऐन तथा नियमावली र बराहताल गाउँपालिकाको स्थानीय सहकारी ऐन, २०७५ अनुसार नेपालमा रहेका २९८८६, कर्णाली प्रदेशमा १९६७, सुर्खेतमा ४८८ सहकारी मध्ये बराहताल गगाँउपालिका अन्तरगतका ४४ वटा सहकारी तथा COPOMIS मा दर्ता भएका ४२ वटा सहकारीहरु दर्ता भई संचालनमा रहेको अवस्था छ ।

# गाउँपालिकामा रहेका सहकारीको अवस्था

| क्र. स. | अवस्था | बचत तथा ऋण | बहुउद्देश्यीय | कृषि | कृषि तथा पशुपालन | साना किसान कृषि | सामाजिक उद्यमी | जडिबुटी र उद्योग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थापीत | ९ | ५ | ४ | १९ | ३ | २ | २ | ४४ |
| २ | कोपोमिसमा दर्ता भएका | ९ | ५ | ४ | १९ | ३ | २ | ० | ४२ |
| ३ | सक्रिय | ३ | ३ | १ | ७ | ३ | २ | १ | २० |
| ४ | नियमित | २ | ३ | १ | ६ | ३ | २ | १ | १८ |
| ५ | निश्कृय | ६ | २ | ३ | १२ | ३ | ० | १ | २७ |
| ६ | २०७४।०७५ मा सहकारीको संख्या | १० | ७ | २ | १३ | ३ | २ | १ | ३८ |

# गाउँपालिकामा रहेका सक्रिय २० सहकारीको संक्षिप्त विवरण

| सहकारीको विवरण | कुल जम्मा |
|---|---|
| महिला | ४६५१ |
| पुरुष | ११६४ |
| जम्मा | ५८१५ |
| कुल शेयर पुजी | २८७६५८१५ |
| कुल कारोबार | १६०५७३२१८ |
| आ.व. २०७३/०७४ | ५९६१०५२८ |
| आ.व. २०७७/०७८ | १८१४०४६२५ |
| आ.व. २०७३/०७४ | ५७६६३९१९ |
| आ.व. २०७७/०७८ | १७७२६९३२४ |
| आ.व. २०७३/०७४ | १९८२१२४ |
| आ.व. २०७७/०७८ | ४१३७००१ |
| कैफियत | |


# सहकारी शाखामा विनियोजित बजेट विवरण

| क्र सं | बजेट विवरण | श्रोत | रकम | कै |
|---|---|---|---|---|
| १ | सहकारी व्यवस्थापन तथा कोपोमिस तालिम | | १७००००। | |
| २ | सहकारी लेखा तालिम | | १७००००। | |
| ३ | सहकारी दिवस तथा पुरस्कार वितरण कार्यक्रम | | | |
| ४ | सहकारी अवलोकन भ्रमण | | २०००००। | |
| ५ | सहकारी अनुगमन तथा नियमन | | | |
| | | | | |
| | | | | |
| | | | | |

# सहकारी शाखाबाट सम्पादित कार्यक्रम विवरण

| क्र सं | बजेट विवरण | श्रोत | रकम | कै |
|---|---|---|---|---|
| १ | ५ दिने सहकारी व्यवस्थापन तथा कोपोमिस तालिम | नेपाल सरकार समानिकरण अनुदान | १७००००। | सम्पन्न |
| २ | ५ दिने लेखा व्यवस्थापन तालिम | नेपाल सरकार समानिकरण अनुदान | १७००००। | सम्पन्न |
| ३ | सहकारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | २०००००। | स्थगित |
| ४ | सहकारी अनुगमन तथा नियामन | नेपाल सरकार समानिकरण अनुदान | ३००००। | सम्पन्न |
| ५ | सहकारी सम्बन्धित सरोकारवालाहरु संग छलफल कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | ६००००। | सम्पन्न |
| ६ | राष्ट्रिय सहकारी दिवस तथा पुरस्कार वितरण | नेपाल सरकार समानिकरण अनुदान | ७००००। | स्थगित |
| | जम्मा | | ७०००००० । | |
| | | | | |

# सहकारी संग सम्बन्धित अन्य कार्यक्रमहरु



# सहकारी शाखाबाट सम्पादित कार्यक्रमहरु

| क्र सं | विवरण | परिणाम | ईकाई |
|---|---|---|---|
| १ | सहकारी शिक्षा कार्यक्रम | २ | सहकारी |
| २ | पूर्व सहकारी शिक्षा कार्यक्रम | ५ | सहकारी |
| ३ | सहकारी व्यवस्थापन तथा कोपोमिस तालिम | २५ | सहकारी प्रतिनिधि |
| ४ | लेखा व्यवस्थापन तालिम | ३० | सहकारी प्रतिनिधि |
| ५ | सरोकारवालाहरुसंग छलफल | ४ | पटक |
| ६ | सहकारी सघन अनुगमन | ६ | सहकारी |
| ७ | सहकारी संग सम्बन्धित डाटा संकलन लगायतका अन्य कार्यक्रम | | समय समयमा |

# पालिकास्तरिय सहकारी सञ्चालनमा देखिएका समस्याहरु

- तिनै तहका सहकारी कानुनमा देखिएका विविधताले कार्यान्वयनमा द्विविधा रहनु ।
- सहकारी नियमन र प्रवद्धनको क्षेत्रमा बजेट विनियोजन कम हुनु ।
- सहकारी शाखाको कार्यभार अनुसारका शाखाका कर्मचारीको कमि हुनु ।
- अनुदान प्राप्त गर्नको लागी मात्रै सहकारी खोल्ने उदेश्यले सहकारी संस्थाको सञ्चालन गर्नु ।
- स्थानिय जनप्रतिनिधिको नजरमा सहकारी संस्थाहरु प्राथमिकिकरणमा नपर्नु र सहकारी क्षेत्रको विकासमा ध्यान नपुग्नु ।
- प्रत्येक सहकारी संस्थाले बचत ऋण सम्बन्धि कारोबारलाई मात्र प्राथमिकता दिनु र विषयगत सहकारीको कारोबारको मात्रा ज्यादै नगन्य हुनु ।
- सहकारीको पुजी अपेक्षितरुपमा उत्पादनमुलक, व्यवशायमूलक, उद्यमशिलता, पर्वद्धनात्मक, सिर्जनशीलता, कृषि र कृषिजन्य क्षेत्रमा लगानी नहुनु ।
- अनुदानमा सहकारीको उन्मुखता देखीनु ।

# सहकारी विकासको लागी आगामी बाटो र बराहताल गाउँपालिकाको भुमिका

- सहकारी वचत तथा ऋण परिचालन सम्बन्धि विषयगत, प्रादेशिक र स्थानिय संघसंस्था संग समन्वय र सहकार्य सम्वन्धि व्यवस्था ।
- सहकारी सम्वन्धि राष्ट्रिय, केन्द्रिय, प्रादेशिक, विषयगत र स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य सम्वन्धि व्यवस्था ।
- सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान सम्बन्धि व्यवस्था ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्र रहने सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि सम्वन्धी व्यवस्था ।
- गाउँपालिककाको सहकारी क्षेत्र र सहकारी क्षेत्रसंग सम्बन्धित जनशक्ति समेतको प्रवद्धन परिचालन विकास सम्बन्धि व्यवस्था ।

# धन्यबाद नमस्कार ।।।